# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुन्धारा, काठमाडौं, वागमती प्रदेश, नेपाल

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

(मिति २०७९।१२।३० देखि २०७९।१०।०२ मितिसम्मको विवरण)

**(१) निकायको स्वरुप र प्रकृतिः**

काठमाडौं महानगरपालिका वि.स.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानुनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर महिना २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अन्तर्गत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौंमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौं महानगरपालिका हो ।

**(२) निकायको काम, कर्तव्य र अधिकारः**

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

**(३) निकायमा रहने कर्मचारी विवरणः**

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

## (४) निकायबाट प्रदान गरिने सेवाः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौं महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन् । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, सहायक प्रवक्ता, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण काठमाडौं महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

**(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रिय स्तरमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकतत्वमा तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था गरिएको छ ।

**(९) सम्पादन गरेको कामको विवरण:**

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

**(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:**

कार्यालय प्रमुखको नाम : बसन्त अधिकारी

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : वसन्त आचार्य

पद : निर्देशक

सम्पर्क नम्बर : ९८५१०८७९३८

इमेल ठेगाना :rtikmc@gmail.com

: basantakmc@gmail.com

**(११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूची:**

काठमाडौं महानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ ।

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०७९।०८० को चैत्र मसान्तसम्ममा भएको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ ।

| आ.व. : २०७९/८०अवधी : २०७९/०४/०१-२०७९/१२/३० | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
| १ | आर्थिक विकास | २२,९२,५०,०००.०० | १,७१,२५,९५५.५४ | ७.४७ | २१,२१,२४,०४४.४६ |
| १ | कृषि | १,४५,५०,०००.०० | ९,८२,२११.६० | ६.७५ | १,३५,६७,७८८.४० |
| २ | उद्योग | २९,००,०००.०० | १४,०९,८५५.७१ | ४८.६२ | १४,९०,१४४.२९ |
| ३ | पर्यटन | २,७८,००,०००.०० | ६,३२,५८९.५० | २.२७ | २,७१,६७,४१०.५० |
| ४ | सहकारी | ८५,००,०००.०० | ११,७९,७०९.६० | १३.८८ | ७३,२०,२९०.४० |
| ५ | वित्तीय क्षेत्र | ६,९४,००,०००.०० | ४५,७१,६७५.७४ | ६.५९ | ६,४८,२८,३२४.२६ |
| ६ | जलश्रोत तथा सिंचाई | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| ७ | बन | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ८ | पशुपन्छी विकास | १०,४३,००,०००.०० | ८३,४९,९१३.३९ | ८.०१ | ९,५९,५०,०८६.६१ |
| २ | सामाजिक विकास | ३,६८,५८,९४,९००.०० | १,३०,८७,२०,५३७.२४ | ३५.५१ | २,३७,७१,७४,३६२.७६ |
| १ | शिक्षा | १,७८,३२,३९,०००.०० | १,०८,०५,२१,४६६.०० | ६०.५९ | ७०,२७,१७,५३४.०० |
| २ | स्वास्थ्य | ५८,३४,४०,०००.०० | ८,६९,३९,५२७.०९ | १४.९ | ४९,६५,००,४७२.९१ |
| ३ | खानेपानी तथा सरसफाई | १५,०५,४२,०००.०० | १,३५,७९,९२५.३१ | ९.०२ | १३,६९,६२,०७४.६९ |
| ४ | भाषा तथा संस्कृति | ४४,१८,८४,९००.०० | ७,०७,३७,०६१.४३ | १६.०१ | ३७,११,४७,८३८.५७ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३३,५५,५०,०००.०० | ४,७४,८५,२६८.६१ | १४.१५ | २८,८०,६४,७३१.३९ |
| ६ | युवा तथा खेलकुद | १५,४५,४९,०००.०० | ७६,२०,८५५.८० | ४.९३ | १४,६९,२८,१४४.२० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | २३,६६,९०,०००.०० | १८,३६,४३३.०० | ०.७८ | २३,४८,५३,५६७.०० |
| ३ | पूर्वाधार विकास | १३,०६,८४,४३,८८०.०० | १,९८,३०,२९,७६८.३१ | १५.१७ | ११,०८,५४,१४,१११.६९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | यातयात पूर्वाधार | ४,२३,२२,३९,९०२.०० | ६३,६४,९०,२६५.२६ | १५.०४ | ३,५९,५७,४९,६३६.७४ |
| २ | भवन, आवास तथा सहरी विकास | ६,२७,२६,९०,८८०.०० | १,०५,४१,२३,५०२.९५ | १६.८ | ५,२१,८५,६७,३७७.०५ |
| ३ | उर्जा | ७,४८,८४,०००.०० | ३,३१,५२,०७१.८० | ४४.२७ | ४,१७,३१,९२८.२० |
| ४ | संचार तथा सूचना प्रबिधि | २०,१८,३८,०००.०० | १,१२,७४,३९३.६३ | ५.५९ | १९,०५,६३,६०६.३७ |
| ५ | सम्पदा पूर्वाधार | २,१५,१५,३६,०९८.०० | २२,१०,२७,८३५.३१ | १०.२७ | १,९३,०५,०८,२६२.६९ |
| ६ | बिज्ञान तथा प्रबिधि | ४,७०,००,०००.०० | ९९,७००.०० | ०.२१ | ४,६९,००,३००.०० |
| ७ | पुननिर्माण | ८,८२,५५,०००.०० | २,६८,६१,९९९.३६ | ३०.४४ | ६,१३,९३,०००.६४ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | २,०१,१६,५४,०००.०० | २४,६६,३४,३१८.७४ | १२.२६ | १,७६,५०,१९,६८१.२६ |
| १ | वातावरण तथा जलवायु | ८३,९०,३२,०००.०० | १३,१४,३७,१६४.८८ | १५.६७ | ७०,७५,९४,८३५.१२ |
| २ | विपद व्यवस्थापन | २६,०९,५०,०००.०० | २,९३,५२,८६९.५९ | ११.२५ | २३,१५,९७,१३०.४१ |
| ३ | मानब संशाधन विकास | १३,९५,००,०००.०० | १,३४,९७,५४४.२४ | ९.६८ | १२,६०,०२,४५५.७६ |
| ४ | शान्ति तथा सुव्यवस्था | २,७१,२२,०००.०० | १,०८,४४,१३७.५० | ३९.९७ | १,६२,७७,८६२.५० |
| ५ | कानुन तथा न्याय | ५,०३,००,०००.०० | ४६,०४,९७३.०३ | ९.१६ | ४,५६,९५,०२६.९७ |
| ६ | शासन प्रणाली | ६०,५४,५०,०००.०० | ५,४५,९७,००३.६१ | ९.०२ | ५५,०८,५२,९९६.३९ |
| ७ | श्रम तथा रोजगारी | ७३,००,०००.०० | १,७१,६७५.८९ | २.३५ | ७१,२८,३२४.११ |
| ८ | अनुगमन तथा मूल्यांकन | ७,४५,००,०००.०० | २१,२८,९५०.०० | २.८६ | ७,२३,७१,०५०.०० |
| ९ | प्रशासकीय सुशासन | ७५,००,०००.०० | ०.०० | ० | ७५,००,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,५३,८१,४३,८८०.०० | १,८८,५०,३७,००२.११ | ५३.२८ | १,६५,३१,०६,८७७.८९ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,५३,८१,४३,८८०.०० | १,८८,५०,३७,००२.११ | ५३.२८ | १,६५,३१,०६,८७७.८९ |
| कुलजम्मा | | २२,५३,३३,८६,६६०.०० | ५,४४,०५,४७,५८१.९४ | २४.१४ | १७,०९,२८,३९,०७८.०६ |

## (१३) तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।**

यस महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

काठमाडौं महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौं महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौँ महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन:**

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०७९/०८० को बजेट, नीति तथा कार्यक्रम अर्न्तगत रहेको छ । सोको प्रगति प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०७९।१०।०२ देखि मिति २०७९।१२।३० गतेसम्ममा देहायबमोजिमका २९ जना निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ ।

| सि.नं. | सूचना माग गर्ने व्यक्ति | सूचनाको विषय | कैफियत |
|---|---|---|---|
| १ | प्रशान्त विक्रम शाह | फुटपाथ, ठेलागाडा व्यापार व्यवसाय सम्बन्धी । | सूचना उपलब्ध गराइएको |
| २ | तर्क बहादुर थापा | का.म.पा. नगर प्रमुख बालेन्द्र शाह निर्वाचित भएर आएपछि गरेको कामको विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| ३ | कृष्ण कुमारी परियार | घर टहरा भत्काउने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| ४ | शारदा भुसाल भा | गैर आवासीय नेपाली संघको कार्यालय रहेको भवनको नक्सा पासको प्रमाणि प्रतिलिपी समेत सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| ५ | सागर जोशी | पार्किङ्ग शुल्क बारेमा । | सूचना उपलब्ध गराइएको |
| ६ | सागर जोशी | विधुत् प्राधिकरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| ७ | सागर जोशी | बहाल कर सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| ८ | सागर जोशी | संरचना भत्काउदा लागेको शुल्क बारे । | सूचना उपलब्ध गराइएको |
| ९ | सागर जोशी | निशुल्क पाकिङ्ग सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| १० | सागर जोशी | पानि टंकीलाई कृतिम तरिकाले ढुगे धारा बनाएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| ११ | सागर जोशी | का.म.पा. २१ वडाले विपद व्यवस्थापन नगरेको उजुरी सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| १२ | सागर जोशी | वल्ड ट्रेडको विज्ञापन वोर्ड सम्बन्धमा समेत । | सूचना उपलब्ध गराइएको |
| १३ | सागर जोशी | टुकुचा खोलाको अदालतमा परेको मुद्दाको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| १४ | मोनिका वाइवा | महानगरसँग पार्किङ्गको लागी सम्भौता गरिएको कम्पनी समेत सँग सम्बन्धी सूचना | सूचना उपलब्ध गराइएको |
| १५ | शारदा घिमिरे | का.म.पा. महानगर प्रहरी बलले सवारी साधनहरु सम्बन्धमा गरेको जरिवाना समेत सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| १६ | उमेश कुमार बुढाथोकी | का.म.पा. कार्यालयको भवन निर्माण कार्यको वोलपत्र मुल्याङ्कन सम्बन्धमा समेत । | सूचना उपलब्ध गराइएको |
| १७ | निकेश खत्री | नयाँ बसपार्क सञ्चालनको जिम्मेवारी पाएको ठेकेदार कम्पनी र का.म.पा. विच भएको पूर्ण सम्भौता समेत सम्बन्धी । | सूचना उपलब्ध गराइएको |

| | | | |
|---|---|---|---|
| १८ | नारायण प्रसाद नेपाल | सिसडोल बन्चरे ल्याण्डफिल साइटमा भौतिक संरचना निर्माण र योजना समेत सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| १९ | शारदा भुसाल (झा) | नेपाल राष्ट्र बैंक नक्सापासको प्रतिलिपी सम्बन्धी । | सूचना उपलब्ध गराइएको |
| २० | विपल कुमार तामाङ | का.म.पा. २२ स्थित प्यूखा टोलमा सडक, ढल निर्माण आयोजना समेत सम्बन्धी । | सूचना उपलब्ध गराइएको |
| २१ | लक्ष्मण गिरी | काठमाडौं महानगरपालिका भवनहरुको स्थिति र भाडा समेत सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| २२ | महेश तिमल्सिना | का.म.पा. र ल्होत्से बहुउद्देश्यीय प्रा.ली.विच नयाँ बसपार्क निर्माण विकास र सञ्चालन सम्बन्धमा गरिएको मुल सम्झौता समेत सम्बन्धी । | सूचना उपलब्ध गराइएको |
| २३ | सागर जोशी | बाटोको वत्ती बारे । | सूचना उपलब्ध गराइएको |
| २४ | सागर जोशी | बाहाल कर सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| २५ | सागर जोशी | सडक बत्ती जडान गर्ने सम्झौता सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| २६ | मोनिका वाइवा | स्मार्ट पार्किङ्गको रोयल्टी विवरण समेत सम्बन्धी । | सूचना उपलब्ध गराइएको |
| २७ | सागर जोशी | बहाल कर बारे । | सूचना उपलब्ध गराइएको |
| २८ | सागर जोशी | संरचना भत्काउदा लागेको शुल्क बारे | सूचना उपलब्ध गराइएको |
| २९ | शारदा भुसाल (झा) | का.म.पा. मा रहेका मा.वि. स्तरका सामुदायिक र संस्थागत विद्यालयको नाम, ठेगाना र प्रिन्सिपल सम्बन्धमा | सूचना उपलब्ध गराइएको |

**२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः**

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौं महानगरपालिका वेबसाइट www.kathmandu.gov.np राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौं महानगरपालिकाको बुलेटिन र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौं र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।